लहान नगरपालिका
लहान,सिरहा
मधेश प्रदेश,नेपाल

प्रमाणीकरण मितिः२०८१/०३/११

"सामुदायिक विद्यालयका अस्थायी,करार,राहत,स्वयम् सेवक शिक्षक,कक्षा ११ र १२ मा कार्यरत शिक्षक,नीजि कोटामा कार्यरत शिक्षक, प्रारम्भिक बालविकास सहजकर्ता,सामुदायिक सिकाई केन्द्र सहजकर्ता तथा विद्यालयमा कार्यरत कर्मचारीहरुको म्याद थप सम्बन्धी कार्यविधि,२०८१"

प्रस्तावनाः

लहान नगरपालिकामा सञ्चालित सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने उद्देश्यले सामुदायिक विद्यालयमा कार्यरत अस्थायी,करार,राहत,स्वयम् सेवक शिक्षक, कक्षा ११र१२ मा कार्यरत शिक्षक,नीजि कोटामा कार्यरत शिक्षक, प्रारम्भिक बालविकास सहजकर्ता तथा विद्यालयमा कार्यरत कर्मचारीहरुलाई विद्यालयप्रति जवाफदेही,उत्तरदायी र शैक्षिक तथा शैक्षणिक गतिविधिप्रति लगनशील बनाउन,स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २(ज)तथा लहान नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७५(संसोधन सहित)मा उल्लेख भएको व्यवस्था कार्यान्वयनका लागि लहान नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन,२०७५(संसोधन सहित)को दफा ५४(१) को अधिकार प्रयोग गरि सामुदायिक विद्यालयका अस्थायी,करार,राहत,स्वयम् सेवक शिक्षक,कक्षा ११ र १२ मा कार्यरत शिक्षक,नीजि कोटामा कार्यरत शिक्षक, प्रारम्भिक बालविकास सहजकर्ता,सामुदायिक सिकाई केन्द्र सहजकर्ता तथा विद्यालयमा कार्यरत कर्मचारीहरुको म्याद थप सम्बन्धी कार्यविधि-२०८१" तयार गरी लागू गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम "सामुदायिक विद्यालयमा कार्यरत शिक्षक, प्रारम्भिक बालविकास सहजकर्ता,सामुदायिक सिकाई केन्द्र सहजकर्ता तथा विद्यालयमा कार्यरत कर्मचारीहरुको म्याद थप सम्बन्धी कार्यविधि-२०८१" रहने छ।

(२) यो कार्यविधि लहान नगरपालिका भरि लागू हुनेछ।

(३) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "नगरपालिका" भन्नाले लहान नगरपालिका सम्झनुपर्छ।

(ख) "सभा" भन्नाले लहान नगरपालिकाको नगरसभालाई सम्झनुपर्छ।

(ग) "कार्यपालिका" भन्नाले लहान नगर कार्यपालिकालाई सम्झनुपर्छ।

Scanned with OKEN Scanner

(घ) "नगर शिक्षा समिति" भन्नाले लहान नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन,२०७५को दफा ८ बमोजिम गठित समितिलाई सम्झनुपर्छ।

(ङ)"विद्यालय व्यवस्थापन समिति" भन्नाले लहान नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन,२०७५को दफा १२ बमोजिम गठित समितिलाई सम्झनुपर्छ।

(च) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृती प्राप्त विद्यालय सम्झनु पर्छ।

(छ) "प्रधानाध्यापक" भन्नाले विद्यालयमा प्रधानाध्यापकको रुपमा कार्यरत शिक्षकलाई सम्झनु पर्छ।

(ज) "शिक्षक" भन्नाले सामुदायिक विद्यालयका अस्थायी,करार,राहत,स्वयम् सेवक,कक्षा ११ र १२मा दरबन्दी,अनुदानमा कार्यरत तथा नीजि कोटामा कार्यरत शिक्षक सम्झनु पर्छ ।

(झ) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनुपर्छ।सो शब्दले नेपाल सरकार वा नगरपालिका वा विद्यालय वा अभिभावक सहयोग मार्फत वा अन्य कुनै संघसंस्था,दातावाट तलव भत्ता पाउनेगरि नियुक्ति भएका विद्यालयका शिक्षण कार्यमा संलग्न हुने बाहेकका आर्थिक प्रशासन हेर्ने जनशक्ति तथा विद्यालयमा कार्यालय सहयोगी रुपमा कार्यरत जनशक्तिलाई जनाउँछ ।

ञ)"अनुदान" भन्नाले नेपाल सरकार वा प्रदेश सरकार वा नगरपालिकाले विद्यालयमा शिक्षक तथा कर्मचारीका लागि विनियोजित रकमलाई जनाउँछ ।

(ट)"तलब भत्ता" भन्नाले नेपाल सरकार वा नगरपालिकाले निर्धारण गरेको एकमुष्ट अनुदान मार्फत प्राप्त हुने मासिक तलव भत्तालाई जनाउँछ"।

(ठ) "प्रारम्भिक बालविकास सहजकर्ता" भन्नाले सामुदायिक विद्यालयको बालविकास कक्षामा सहजिकरण गर्ने सहजकर्तालाई जनाउँछ।

(ड) "नीजि कोटामा कार्यरत शिक्षक तथा कर्मचारी" भन्नाले विद्यालय वा अभिभावक सहयोग मार्फत वा अन्य कुनै संघसंस्था दाताबाट तलब पाउनेगरि नियुक्ति भएको विद्यालयका शिक्षण कार्यमा संलग्न हुने शिक्षकलाई तथा शिक्षण कार्यमा संलग्न हुने बाहेकका आर्थिक प्रशासन हेर्ने जनशक्ति तथा विद्यालयमा कार्यालय सहयोगी रुपमा कार्यरत जनशक्तिलाई जनाउँछ ।

(ढ) "कक्षा ११ र १२ मा कार्यरत शिक्षक" भन्नाले सामुदायिक विद्यालयको कक्षा ११ र १२ मा अध्यापन गर्ने दरवन्दी,अनुदान,नीजि स्रोतमा कार्यरत शिक्षक सम्झनु पर्छ ।

(ण) "स्वयम् सेवक शिक्षक"भन्नाले सामुदायिक विद्यालयमा नगरपालिका वा विद्यालय वा अभिभावक सहयोग मार्फत वा अन्य कुनै संघसंस्था दाताबाट तलब पाउनेगरि स्वयम् सेवक शिक्षकको रुपमा नियुक्ति भएको शिक्षक सम्झनु पर्छ ।

(त) "सामुदायिक सिकाई केन्द्र सहजकर्ता" भन्नाले भन्नाले सामुदायिक सिकाई केन्द्रमा सहजकर्ताको रुपमा कार्यरत सहजकर्ता सम्झनु पर्छ ।

Scanned with OKEN Scanner

३. पदावधि र म्याद थप :-

१(क) अस्थायी,करार,राहत,स्वयम् सेवक शिक्षक,कक्षा ११ र १२ मा कार्यरत शिक्षक,नीजि कोटामा कार्यरत शिक्षक, प्रारम्भिक बालविकास सहजकर्ता,सामुदायिक सिकाई केन्द्र सहजकर्ता तथा विद्यालयमा कार्यरत कर्मचारीहरुको म्याद थपको व्यवस्था गरिनु पर्छ ।

(ख)विद्यालयमा अस्थायी,करार,राहत,स्वयम् सेवक शिक्षक,कक्षा ११ र १२ मा कार्यरत शिक्षक,नीजि कोटामा कार्यरत शिक्षक, प्रारम्भिक बालविकास सहजकर्ता,सामुदायिक सिकाई केन्द्र सहजकर्ता तथा विद्यालयमा कार्यरत कर्मचारीहरुलाई नियुक्ति पत्रमा करारको अवधि समेत खुलाई नियुक्ति पत्र दिनुपर्ने छ।

(ग) विद्यालयमा कार्यरत अस्थायी,करार,राहत,स्वयम् सेवक शिक्षक,कक्षा ११ र १२ मा कार्यरत शिक्षक,नीजि कोटामा कार्यरत शिक्षक, प्रारम्भिक बालविकास सहजकर्ता,सामुदायिक सिकाई केन्द्र सहजकर्ता तथा विद्यालयमा कार्यरत कर्मचारीहरुको करारको अवधि बढीमा ६महिनाको हुनेछ।

(घ) विद्यालयमा कार्यरत अस्थायी,करार,राहत,स्वयंमसेवक शिक्षक,कक्षा ११ र १२ मा कार्यरत शिक्षक,नीजि कोटामा कार्यरत शिक्षक, प्रारम्भिक बालविकास सहजकर्ता,सामुदायिक सिकाई केन्द्र सहजकर्ता तथा विद्यालयमा कार्यरत कर्मचारीहरुको करार सेवालाई आवश्यकता र औचित्यको आधारमा विद्यालय व्यवस्थापन समितिले ६महिनामा नबढाई करार म्याद थप गर्न सक्नेछ ।

(ङ) दफा ३ उपदफा १(घ) बमोजिमको करार म्याद थप गरेको जानकारी म्याद थप गरेको मितिले ७ दिन भित्र लहान नगरपालिका शिक्षा,युवा तथा खेलकुद शाखा मार्फत अनुमोदनका लागि नगर शिक्षा समितिमा पेश गर्नु पर्ने छ ।

(च) विद्यालयमा कार्यरत अस्थायी,करार,राहत,स्वयम् सेवक शिक्षक,कक्षा ११ र १२ मा कार्यरत शिक्षक,नीजि कोटामा कार्यरत शिक्षक, प्रारम्भिक बालविकास सहजकर्ता,सामुदायिक सिकाई केन्द्र सहजकर्ता तथा विद्यालयमा कार्यरत कर्मचारीहरुको म्याद थपकोलागि विद्यालय व्यवस्थापन समितिले म्याद सकिनु भन्दा ७ दिन अगावै ७ दिनको समय तोकी निवेदन माग गर्नु पर्ने छ।

(छ) दफा ३ को १ च बमोजिम तोकिएको अन्तिम समय सम्म निवेदन नआएमा वा अवधी सकिए पछि आएको निवेदन उपर कुनै प्रकारको कारवाही गरिने छैन र त्यस्तो शिक्षक,बालविकास सहजकर्ता,सामुदायिक सिकाई केन्द्र सहजकर्ता तथा कर्मचारीहरुको करार सेवा अवधि स्वतः समाप्त हुनेछ।

४. म्याद थप नहुने अवस्था :-

१ अस्थायी,करार,राहत,स्वयम् सेवक शिक्षक,कक्षा ११ र १२ मा कार्यरत शिक्षक,नीजि कोटामा कार्यरत शिक्षक, प्रारम्भिक बालविकास सहजकर्ता,सामुदायिक सिकाई केन्द्र सहजकर्ता तथा विद्यालयमा कार्यरत कर्मचारीहरुको निम्न अवस्था मध्ये जुनसुकै अवस्थामा म्याद थप नहुन सक्ने छ ।

Scanned with OKEN Scanner

क) विद्यालयमा नियुक्ति भएको अस्थायी,करार,राहत,स्वयम् सेवक शिक्षक,कक्षा ११ र १२ मा कार्यरत शिक्षक,नीजि कोटामा कार्यरत शिक्षक, प्रारम्भिक बालविकास सहजकर्ता,सामुदायिक सिकाई केन्द्र सहजकर्ता तथा विद्यालयमा कार्यरत कर्मचारीहरुले तोकिएको समयभित्र नियुक्ति नबुझेमा तथा विद्यालयमा हाजिर नभएमा।

(ख) दफा ३ को उपदफा १(ङ) बमोजिम विद्यालय व्यवस्थापन समितिको निर्णय सहित म्याद थप गरेको मितिले ७ दिन भित्र लहान नगरपालिका शिक्षा,युवा तथा खेलकुद शाखा मार्फत म्यद थपको निर्णय अनुमोदनका लागि नगर शिक्षा समितिमा पेश नभएमा ।

(ग)शिक्षा नियमावली २०५९(संसोधन सहित) परिच्छेद २२को नियम १३३बमोजिमको आचर संहिता पालना नगरेमा ।

(घ) शिक्षा नियमावली २०५९(संसोधन सहित) परिच्छेद २३को नियम १३७ क.बमोजिमको कार्यक्षमताको अभाव भएमा ।

(ङ) विद्यालय समय अघि वा पछि नगर शिक्षा समितिको अनुमति नलिई अन्यन्त्र कार्य गरेमा।

(च) शिक्षा नियमावली २०५९(संसोधन सहित) नियम १३८,१४३क.बमोजिमको अवस्था भएमा ।

(छ) नगरशिक्षा समितिको निर्यानुसार खटाईएको विद्यालयमा नगएमा ।

(ज) नगरपालिकाले शिक्षा क्षेत्रमा लिएको नीति तथा कार्यक्रम कार्यान्वयनमा असहयोग भएमा।

(झ) दरबन्दी मिलानको क्रममा दरबन्दी मिलान भएको वा खटाईएको विद्यालयमा नगएमा।

(ञ) विद्यालय समयमा अन्यन्त्र काम गरेमा ।

(ट) लहान नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन,२०७५को दफा ३२ बमोजिमका कार्य गरेमा।

(ठ) कार्यसम्पादन सम्झौता बमोजिमको कार्यसम्पादन नगरेमा।

(ड) विद्यालय समयको पालना नगरेमा।

(ढ)विद्यालयको शैक्षिक गुणस्तर वृद्दिमा असर पर्ने अभिव्यक्ति दिएमा वा त्यस प्रकारको व्यवहार गरेमा ।

(ण)नगरपालिकाको गरिमामा कुनै आँच आउने अभिव्यक्ति दिई वा व्यवहार देखाई जनमानसमा भ्रम फैलाएमा ।

(त)विद्यालय समयमा आफ्नो जिम्मेवारी सहि तरिकाले पूरा नगरेमा ।

५. अनुमोदन गर्न बाध्य नहुने:

१.दफा ३ उपदफा १(ङ) बमोजिमको करार म्याद थप अनुमोदनका लागि नगर शिक्षा समितिमा पेश भएको निर्णय दफा ४ को उपदफा १ बमोजिमको कुनै अवस्था भएमा म्याद थपको अनुमोदन गर्न बाध्य हुने छैन ।

६.अनुमोदनको जानकारी दिनुपर्ने:

१. दफा ३ उपदफा १(ङ) बमोजिमको करार म्याद थप अनुमोदनका लागि नगर शिक्षा समितिमा पेश भएको निर्णय अनुमोदन भएमा अनुमोदनको जानकारी विद्यालय व्यवस्थापन समितिलाई दिनु पर्ने छ।

२.दफा ६ उपदफा १ बमोजिम म्याद थपको अनुमोदन भएका अस्थायी,करार,राहत,स्वयम् सेवक शिक्षक,कक्षा ११ र १२ मा कार्यरत शिक्षक,नीजि कोटामा कार्यरत शिक्षक, प्रारम्भिक बालविकास सहजकर्ता,सामुदायिक सिकाई केन्द्र सहजकर्ता तथा

Scanned with OKEN Scanner

वेद्यालयमा कार्यरत कर्मचारीहरुलाई विद्यालय व्यवस्थापन समितिले दफा ३को १(घ) बमोजिमको अवधिको म्याद थपको जानकारीको पत्र प्रधानाध्यापक मार्फत दिनुपर्ने छ।

७.कार्य सम्पादन सम्झौता सम्बन्धी व्यवस्थाः

(१)सामुदायिक विद्यालयका स्थायी अस्थायी,करार,राहत,स्वयम् सेवक शिक्षक,कक्षा ११ र १२ मा कार्यरत शिक्षक,नीजि कोटामा कार्यरत शिक्षक, प्रारम्भिक बालविकास सहजकर्ता,सामुदायिक सिकाई केन्द्र सहजकर्ता तथा विद्यालयमा कार्यरत कर्मचारीहरु प्रत्येक शैक्षिक सत्र सुरुमै कार्य सम्पादन सम्झौता गरिनु पर्ने छ। यसरी कार्य सम्पादन करार गर्दा शिक्षा शाखाले प्रध्यानाध्यापकसंग कार्य सम्पादन सम्झौता गर्न कार्य सम्पादन करार सम्झौता तयार गरि नगरपालिका र प्रध्यानाध्यापक विच कार्य सम्पादन गरिनु पर्ने र सो कार्य सम्पादन करार सम्झौतामा उल्लेख भएका उपलब्धी हासिल गर्ने गरि विद्यालयले कार्य सम्पादन करार सम्झौता तयार गरि प्रध्यानाध्यापकले सम्पूर्ण शिक्षक,बालविकास सहजकर्ता,कर्मचारी बीच कार्य सम्पादन करार सम्झौता गरिनु पर्ने छ। प्रत्येक शैक्षिक सत्रमा गरिएको कार्य संम्पादन सम्झौता विश्लेषण सहित अर्को शैक्षिक सत्रको कार्य सम्पादन सम्झौता गरिनु पर्ने छ। विद्यालयले कार्य सम्पादन सम्झौता विश्लेषण गरि एक प्रति नगर शिक्षा शाखामा समेत पेश गरिनु पर्ने छ।

(२)यस दफाको उपदफा (१) बमोजिम गरिएको कार्य सम्पादन सम्झौतालाई करार म्यद थपको रुपमा समेत आधार लिन सकिने छ ।

८. करार सेवा रद्द हुने वा बर्खास्त हुने अवस्थाहरुः-

१) अस्थायी,करार,राहत,स्वयम् सेवक शिक्षक,कक्षा ११ र १२ मा कार्यरत शिक्षक,नीजि कोटामा कार्यरत शिक्षक, प्रारम्भिक बालविकास सहजकर्ता,सामुदायिक सिकाई केन्द्र सहजकर्ता तथा विद्यालयमा कार्यरत कर्मचारीहरुलाई तपसिल बमोजिमको अवस्था मध्ये जुनसुकै अवस्थामा जुनसुकै बखत सेवा करार रद्ध गरिने वा म्याद थप रद्द गरिने वा बर्खास्त गर्न सकिने छ।

क) नियमानुसार कार्य सम्पादन नगरेको पुष्टि भएमा ।
ख) विद्यालय समयमा विद्यालयमा लागू तथा मादक पदार्थ सेवन गरी प्रवेश गरेमा ।
ग) आर्थिक अनियमितता गरेमा ।
घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएमा ।
ङ) सेवा प्रवेश गर्दा वा थप सुविधा प्रयोजनार्थ निजले पेश गरेका प्रमाणपत्र तथा कागजात नक्कली भएको प्रमाणित भएमा ।
च) कार्य सम्पादन सम्झौता बमोजिम कार्यसम्पादन चित्त बुझ्दो नभएमा।
छ) शिक्षा नियमावली २०५९(संसोधन सहित) परिच्छेद २२को नियम १३३ बमोजिमको आचारसंहिता पालना नगरेमा तथा सहान नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७५(संसोधन सहित)को दफा ३२ को उपदफा(१) बमोजिमको कार्य गरेमा ।
ज) दफा ४को उपदफा १ बमोजिमको अवश्था भएमा ।
झ) करार अवधि वा म्याद थप नभएमा ।
ञ) विद्यालय समयमा अन्यन्त्र कामकाज गरेको पाईएमा ।

९.करार म्याद थप तथा रद्द हुने वा बर्खास्त हुने सम्बन्धी थप व्यवस्थाः

Scanned with OKEN Scanner

(१)यस कार्यविधिमा जुनसुकै कुरा उल्लेख भएता पनि विद्यालय व्यवस्थापन समितिले करार सेवा वा म्याद थप वा करार सेवा रद्द वा म्याद थप नभएको/बर्खास्त गरेको जानकारी ७ दिन भित्र विद्यालय व्यवस्थापन समितिको निर्णय सहित नगर शिक्षा,युवा तथा खेलकुद शाखा मार्फत नगर शिक्षा समितिमा अनुमोदनका लागि पेश गर्नु पर्ने छ ।

(२)यस दफाको उपदफा (१) बमोजिम करार सेवा वा म्याद थप वा करार सेवा रद्द वा म्याद थप नभएको/बर्खास्त लागि नगर शिक्षा समितिमा अनुमोदनका लागि पेश भै आएमा नगर शिक्षा समितिले अनुमोदनका लागि पेश भएको निर्णय अनुमोदन गर्न सक्नेछ ।

(३)यस दफाको उपदफा (२) मा जे सुकै उल्लेख भएतापनि करार सेवा वा म्याद थप वा करार सेवा रद्द वा म्याद थप नभएको/बर्खास्तका लागि नगर शिक्षा समितिमा अनुमोदनका लागि पेश भएको अस्थायी,करार,राहत,स्वयम् सेवक शिक्षक,कक्षा ११ र १२ मा कार्यरत शिक्षक,नीजि कोटामा कार्यरत शिक्षक, प्रारम्भिक बालविकास सहजकर्ता,सामुदायिक सिकाई केन्द्र सहजकर्ता तथा विद्यालयमा कार्यरत कर्मचारीहरुलाई करार सेवा वा म्याद थप वा करार सेवा रद्द वा म्याद थप नभएको/बर्खास्तको अनुमोदन गर्न बाध्य हुने छैन ।

(४)विद्यालय व्यवस्थापन समितिको निर्णय सहित नगर शिक्षा समितिको अनुमोदनमा जुनसुकैबेला अस्थायी,करार,राहत,स्वयम् सेवक शिक्षक,कक्षा ११ र १२ मा कार्यरत शिक्षक,नीजि कोटामा कार्यरत शिक्षक, प्रारम्भिक बालविकास सहजकर्ता,सामुदायिक सिकाई केन्द्र सहजकर्ता तथा विद्यालयमा कार्यरत कर्मचारीहरुको सेवा करार रद्द वा म्याद थप रद्द वा म्याद थप नगर्न सक्नेछ ।तर यसरी सेवा करार रद्द वा म्याद थप रद्ध वा म्याद थप नगर्नु अघि एकपटकका लागि सफाइको मौका दिनु पर्नेछ ।

१०.सेवा बाट हट्ने:-

सेवा करार रद्द वा म्याद थप रद्द वा म्याद थप नगरेमा उक्त अस्थायी,करार,राहत,स्वयम् सेवक शिक्षक,कक्षा ११ र १२ मा कार्यरत शिक्षक,नीजि कोटामा कार्यरत शिक्षक, प्रारम्भिक बालविकास सहजकर्ता,सामुदायिक सिकाई केन्द्र सहजकर्ता तथा विद्यालयमा कार्यरत कर्मचारीहरु सो पदबाट स्वतःहटेको मानिनेछ ।यसरी हट्ने अस्थायी,करार,राहत,स्वयम् सेवक शिक्षक,कक्षा ११ र १२ मा कार्यरत शिक्षक,नीजि कोटामा कार्यरत शिक्षक, प्रारम्भिक बालविकास सहजकर्ता तथा विद्यालयमा कार्यरत कर्मचारीहरुलाई सेवा करार रद्द वा म्याद थप रद्द वा म्याद थप नगर्नुको कारण खुलाई पत्र दिनुपर्ने छ।

११.कार्यान्वयन गर्नुपर्ने:-

यो कार्यविधिमा अन्यन्त्र जे सुकै उल्लेख भएता पनि नगर शिक्षा समितिले गरेको निर्णय विद्यालय व्यवस्थापन समितिले कार्यान्वयन गर्नुपर्ने छ।

१२.कार्यविधि लागू नहुने:- कार्यविधिमा उल्लेखित प्रावधानहरु प्रचलित कानुनसँग बाझिएको खण्डमा बाझिएको हकमा प्रचलित कानुन बमोजिम हुने छ।

१३.कार्यविधि संशोधन हुने: प्रचलित कानुनमा भएको संशोधन तथा नगरपालिकाले आवश्यक ठानेमा कानुन विपरीत नहुने गरी कार्यविधि संशोधन गर्न सक्ने ।

Scanned with OKEN Scanner